## सूचना ५

## डडेलधुरा अस्पताल विकास समिति (गठन) आदेश, २०७६

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "डडेलधुरा अस्पताल विकास समिति (गठन) आदेश, २०७६" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "अस्पताल" भन्नाले डडेलधुरा अस्पताल सम्झनु पर्छ ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले दफा ९ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र समितिको सदस्य-सचिवलाई जनाउँछ ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको डडेलधुरा अस्पताल विकास समिति सम्झनु पर्छ ।

३. **समितिको गठनः** (१) अस्पतालको व्यवस्थापन र सञ्चालन कार्यलाई प्रभावकारी बनाई सर्वसाधारणलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न डडेलधुरा अस्पताल विकास समिति नामको एक समिति गठन गरिएको छ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरी सामाजिक सेवाको क्षेत्रमा संलग्न व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेको व्यक्ति | -अध्यक्ष |
| (ख) | सम्बन्धित प्रदेशको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव | -सदस्य |
| (ग) | सम्बन्धित स्थानीय तहको प्रमुख | -सदस्य |
| (घ) | स्थानीय समाजसेवीहरु मध्येबाट मन्त्रालयबाट मनोनीत कम्तीमा एकजना महिला सहित तीनजना | -सदस्य |
| (ङ) | कार्यकारी निर्देशक | -सदस्य-सचिव |

(३) अध्यक्ष तथा मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा मनोनीत सदस्यले आफ्नो पद अनुरुप काम नगरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(६) समितिको कार्यालय अस्पतालमा रहनेछ ।

४. **<u>सदस्यको योग्यता</u> :** देहायको व्यक्ति सदस्य पदमा नियुक्त वा मनोनीत हुन योग्य मानिनेछ :-

(क) नेपाली नागरिक भएको,
(ख) पच्चीस वर्ष उमेर पूरा भएको,
(ग) पैंसठ्ठी वर्ष उमेर ननाघेको,
(घ) उच्च नैतिक चरित्र भएको,
(ङ) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

५. **सदस्यको अयोग्यता :** देहायको व्यक्ति सदस्य पदमा नियुक्त वा मनोनीत हुन वा त्यस्तो पदमा बहाल रहन योग्य हुने छैन :–

(क) गैर नेपाली नागरिक,

(ख) दफा ४ बमोजिमको योग्यता नभएको,

(ग) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसार पसार, लागू औषध बिक्री वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, किर्ते वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ङ) प्रचलित कानून बमोजिम कालो सूचीमा रहेको,

(च) दामासाहीमा परेको।

६. **पद रिक्त हुने अवस्था :** (१) देहायको अवस्थामा सदस्यको पद रिक्त हुनेछ :–

(क) मन्त्रालय समक्ष लिखित राजीनामा दिएमा,

(ख) पदावधि पूरा भएमा,

(ग) दफा ३ को उपदफा (४) बमोजिम सदस्य पदबाट हटाइएमा,

(घ) मृत्यु भएमा ।

(२) उपदफा (१) बमोजिम कुनै सदस्यको पद रिक्त भएमा बाँकी अवधिको लागि दफा ३ बमोजिम अर्को सदस्य नियुक्त वा मनोनीत हुन सक्नेछ।

७. **समितिको काम, कर्तव्य र अधिकार:** यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः–

(क) अस्पताल सञ्चालन तथा व्यवस्थापन गर्नको लागि नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृत गर्ने,

(ख) अस्पतालबाट प्रदान गरिने सेवाको सञ्चालन, सुधार र सेवा विस्तारका लागि आवश्यक पर्ने स्रोत र साधनको पहिचान गरी त्यस्तो स्रोत र साधन परिचालन गर्ने,

(ग) अस्पतालको भौतिक सम्पत्तिको संरक्षण तथा मर्मत सम्भार गर्ने वा गराउने,

(घ) अस्पतालले प्रदान गर्ने सेवाको सञ्चालन र विस्तार गर्न आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी मन्त्रालयमा सिफारिस गर्ने,

(ङ) अस्पतालबाट प्रदान गरिने सेवा बापत लिने शुल्क निर्धारण गरी सोको जानकारी मन्त्रालयमा पठाउने र सोको सूचना समितिको सूचना पाटीमा टाँस गरी उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने,

(च) निःशुल्क तथा कम शुल्कका शैयाको सङ्ख्या र त्यस्तो शुल्कको दर निर्धारण गर्ने,

(छ) आर्थिक दृष्टिले कमजोर बिरामीको लागि कम शुल्क वा निःशुल्क उपचारको व्यवस्था गर्ने सम्बन्धमा मापदण्ड बनाई कार्यान्वयन गर्ने र सोको जानकारी मन्त्रालयलाई गराउने,

(ज) अस्पतालबाट प्रदान गरिने सेवा तथा अन्य काम कारबाहीको नियमित अनुगमन तथा निरीक्षण गर्ने वा गराउने,

(झ) अस्पतालजन्य फोहरमैलाको वैज्ञानिक व्यवस्थापन गर्ने वा गराउने,

(ञ) नेपाल सरकारले उपलब्ध गराउने निः शुल्क तथा स्वास्थ्य बिमा कार्यक्रमले समेटेका औषधीहरु अस्पतालबाट उपलब्ध हुने व्यवस्था गर्ने र त्यसरी निःशुल्क उपलब्ध हुने औषधीको बारेमा सर्वसाधारणलाई जानकारी गराउने,

(ट) मन्त्रालयबाट तोकिएको मापदण्ड अनुरुप अस्पताल सेवाको गुणस्तर कायम गर्ने वा गराउने,

(ठ) अस्पतालबाट उपलब्ध गराइने सेवा सुविधा र स्वास्थ्य बिमा कार्यक्रमका बारेमा सेवाग्राही र

बीमितलाई जानकारीको व्यवस्था मिलाउने,

(ड) अस्पताललाई सूचना प्रविधिमैत्री बनाई स्वास्थ्य सूचना प्रणालीलाई प्रभावकारी बनाउने,

(ढ) अस्पतालले प्रदान गर्ने सेवाका विषयमा प्रत्येक वर्ष सामाजिक परीक्षण गर्ने वा गराउने,

(ण) अस्पताल र स्वास्थ्य सेवा सुधारका सम्बन्धमा मन्त्रालयलाई सुझाव दिने,

(त) अस्पतालले उपलब्ध गराउने सेवा तथा स्वास्थ्य सम्बन्धी सूचना र जानकारी नियमित रुपमा मन्त्रालयलाई उपलब्ध गराउने,

(थ) अस्पतालको विकास र विस्तारका लागि विभिन्न निकायसँग सहकार्य तथा समन्वय गर्ने वा गराउने,

(द) समितिमा कार्यरत कर्मचारीको पेसागत आचरण सम्बन्धी आचार संहिता बनाई लागू गर्ने र सोको पालना गराउने।

८. **समितिको बैठक सम्बन्धी कार्यविधि :** (१) समितिको बैठक प्रत्येक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ र आवश्यकता अनुसार अन्य बैठक बस्न सक्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय अध्यक्ष र समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछन् ।

(७) समितिले आवश्यक देखेमा नेपाल सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **कार्यकारी निर्देशकः** (१) अस्पतालको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एक जना कार्यकारी निर्देशक रहनेछ ।

(२) मन्त्रालयले स्वास्थ्य सेवाको एघारौं तहको कर्मचारीलाई समितिको कार्यकारी निर्देशकको रुपमा कामकाज गर्ने गरी खटाउनेछ ।

तर एघारौं तहको कर्मचारी उपलब्ध नभएको अवस्थामा मन्त्रालयले दशौं तहको वरिष्ठ कर्मचारीलाई

कार्यकारी निर्देशकको रूपमा कामकाज गर्ने गरी खटाउन सक्नेछ ।

(३) कार्यकारी निर्देशकसँग मन्त्रालयले कार्य सम्पादन सम्झौता गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कार्य सम्पादन सम्झौता सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले निर्धारण गरे बमोजिम
हुनेछ ।

(५) कार्यकारी निर्देशकले अन्य अस्पताल वा स्वास्थ्य संस्थामा गई काम गर्न पाउने छैन।

(६) कार्यकारी निर्देशकले पदीय जिम्मेवारी पूरा नगरेमा वा अस्पताल र समितिको हित विपरीत कुनै काम गरेमा वा कार्य सम्पादन सम्झौता अनुरुप काम नगरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट फिर्ता बोलाउन सक्नेछ ।

१०. <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार</u>ः कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) अस्पतालको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(ख) समितिको बैठकको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ग) अस्पतालको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने,

(घ) अस्पतालको काम कारबाहीको सम्बन्धमा विभिन्न निकायसँग समन्वय गर्ने,

(ङ) समितिबाट निर्देशन भए बमोजिमका कार्य गर्ने वा गराउने,

(च) अस्पतालको जनशक्ति व्यवस्थापन सम्बन्धी काम गर्ने वा गराउने,

(छ) अस्पतालको चल अचल सम्पति संरक्षण र सम्बर्द्धन गर्ने,

(ज) अस्पतालको सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्ने वा गराउने,

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने।

११. <u>मानव स्रोत व्यवस्थापन</u>ः (१) समितिको कार्य सम्पादनका लागि समितिमा आवश्यक सङ्ख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) उपदफा (१) बमोजिम समितिमा रहने कर्मचारीको पद र सङ्ख्या मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) समितिलाई आवश्यक पर्ने कर्मचारीहरु मन्त्रालयले उपलब्ध गराउनेछ ।

(४) उपदफा (३) बमोजिम मन्त्रालयले कर्मचारी उपलब्ध गराउन नसकेमा मन्त्रालयको सहमतिमा समितिले स्वीकृत दरबन्दीमा नबढ्ने गरी प्रचलित कानून बमोजिम करारमा कर्मचारी नियुक्त गर्न सक्नेछ।

(५) करारमा नियुक्त गरेका कर्मचारीको सम्पूर्ण खर्च समितिले आफ्नै स्रोतबाट व्यहोर्नु पर्नेछ ।

(६) नेपाल सरकार, मन्त्रिपरिषद्को संवत् २०७५ साल असार ३२ गतेको निर्णयबाट खारेज भएको डडेलधुरा

अस्पताल विकास समिति (गठन) आदेश, २०६२ बमोजिमको विकास समिति खारेज हुँदाका बखत डडेलधुरा अस्पतालमा स्वीकृत दरबन्दीमा कार्यरत रहेका कर्मचारी समितिमा कायम रहेको मानिनेछ।

१२. **समितिको कोष**: (१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ग) अस्पतालले प्रदान गरेको सेवा तथा सुविधा बापत प्राप्त रकम,

(घ) स्वदेशी सङ्घ, संस्था वा व्यक्तिबाट प्राप्त सहयोग रकम,

(ङ) विदेशी सरकार, सङ्घ संस्था वा व्यक्ति वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त हुने सहयोग वा अनुदान रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) समितिको कोषमा प्राप्त हुने रकम "क" वर्गको इजाजतपत्र प्राप्त कुनै वाणिज्य बैङ्कमा समितिको नाममा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको नामबाट गरिने सबै खर्च उपदफा (२) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) समितिलाई जुन कार्यक्रम वा प्रयोजनका लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा प्रयोजनका लागि खर्च गर्नु पर्नेछ ।

(७) समितिको कोषको खाता समितिको सदस्य-सचिव र समितिको आर्थिक प्रशासन शाखा प्रमुखको हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

(८) समितिको कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. **लेखा र लेखापरीक्षण :** (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ ।

(२) समितिले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) मन्त्रालयले समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र नगदी, जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१४. **उपसमिति वा कार्यटोली:** (१) समितिले आफ्नो काममा सहयोग पुऱ्याउन आवश्यकता अनुसार विभिन्न उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको काम, कर्तव्य, अधिकार र कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

१५. **अधिकार प्रत्यायोजनः** समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य वा समितिको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१६. **बैठक भत्ताः** समितिका सदस्यले समितिको बैठकमा भाग लिए बापत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन् ।

१७. **वार्षिक प्रतिवेदन पेश गर्नेः** (१) समितिले प्रत्येक वर्ष समितिबाट भएका कामकारबाहीको अतिरिक्त समितिको नीति, योजना र कार्यक्रमको कार्यान्वयन स्थिति, त्यसको उपलब्धि तथा लागत र समितिबाट भएको वार्षिक खर्चको विवरण उल्लेख गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन मन्त्रालय आफैंले वा मन्त्रालयको निर्देशनमा समितिले उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ ।

१८. **नेपाल सरकारसँग सम्पर्क :** समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

१९. **निर्देशन दिन सक्नेः** (१) मन्त्रालयले समितिबाट गरिने काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ।

२०. **<u>नियम बनाउने अधिकार</u>**: यो आदेश कार्यान्वयन गर्न समितिले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।

**आज्ञाले,**
**लक्ष्मण अर्याल**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग,